नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
(........................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :-०७४।७५
च.नं. १३६३

मिति२०७४।०९।१२...............

**विषय:-** विद्युत उत्पादनको सर्वेक्षण/ उत्पादनको जानकारी स्वीकृति सम्वन्धमा ।

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिहंदरबार, काठमाडौं ।

उपरोक्त विषयमा १०० कि.वा. क्षमता देखि १००० कि.वा. क्षमता सम्मको जल विद्युत आयोजनाको सर्वेक्षण, उत्पादन, प्रशारण तथा वितरण सम्वन्धी जानकारी स्वीकृति विद्युत ऐन, २०४९, विद्युत नियमावली, २०५० तथा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३ बमोजिम यस विभागबाट प्रदान हुदै आइरहेकोमा मिति २०७४।६।२९ मा प्रमाणिकरण भई लागु भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) को खण्ड (ध३) ले १ मे.वा. क्षमता सम्मका जल विद्युत आयोजना सम्वन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गरेको छ । नेपालको संविधान अनुसार जलविद्युत सम्वन्धी अधिकार संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा रहेको र हालै जारि भएको स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएका अधिकार कार्यन्वयन गर्न आवश्यक नीति, नियम तथा कार्यविधी बनी नसकेको अवस्थमा उक्त ऐनले व्यवस्था गरे अनुसार मिति २०७४।६।२९ पश्चात १०० कि.वा. देखि १००० कि.वा.सम्मका आयोजनाको जाकारी स्वीकृतीका सम्वन्धमा आवश्यक कार्यवाही स्थानीय निकायहरु वाटै हुनुपर्ने देखिएको हुँदा जलश्रोतको अधिकतम उपयोग गर्ने, क्षमता यकिन गर्ने तथा विभागले अनुमतिपत्र जारि गरेको वा गर्ने चरणमा रहेका आयोजनाहरु सँग क्षेत्र दोहरो नपर्ने गरी अनुमतिपत्र जारि गर्ने सम्वन्धमा Technical clearance विद्युत विकास विभागबाट लिनुपर्ने गरि जानकारी स्वीकृती प्रदान गर्ने तर्फ आवश्यक कारवाही वढाउन तहाँ मन्त्रालयबाट सवै स्थानीय निकायहरुमा जानकारी गराइदिन नेपाल सरकार ऊर्जा मन्त्रालयको (सचिवस्तर) मिति २०७४।८।२६ को निर्णय अनुसार अनुरोध छ ।

बोधार्थ
श्री ऊर्जा मन्त्रालय, सिहंदरबार, काठमाडौं ।

(नविन राज सिंह)
महानिर्देशक